# नेपालगन्ज उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज
(दोस्रो पटक प्रकाशित मिति : २०७७।११।१० गते)

## जिल्ला प्रशासन कार्यालय,यातायात ब्यवस्था कार्यालय र भूमिसुधार तथा मालपोत कार्यालय अगाडी तथा नापी कार्यालय जाने बाटो लगायतका क्षेत्रमा सवारी साधन पार्किङ व्यवस्थापनको ठेक्का सम्वन्धि सूचना

यस नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रको जिल्ला प्रशासन कार्यालय अगाडी,नापी कार्यालय जाने सडकको एकतर्फी, भूमिसुधार तथा मालपोत कार्यालय अगाडीको सडकको एकतर्फी क्षेत्र तथा यातायात कार्यालयको खाली जग्गामा सवारी साधन पार्किङ ब्यवस्थापन कार्य सञ्चालनका लागि ठेक्कामा दिई व्यवस्थापन गर्ने सम्वन्धमा सो को लागि ईच्छुक व्यक्ति, व्यवसायीक फर्महरुलाई तपसिलका शर्तहरुको अधिनमा रहने गरी सिलबन्दी निवेदन आव्हान गरिएको छ । ठेक्कामा संचालन गर्न चाहने ईच्छुक व्यक्ति, व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस कार्यालयमा व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यवसायीक फर्मले स्थायी लेखा नम्वर प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र निवेदन साथ सिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

क) पार्किङ परिसरको सामान्य मर्मत संभार स्वयं ठेकेदारले गर्नुपर्नेछ ।

ख) पार्किङमा रहेका सवारी साधनको सुरक्षाको व्यवस्था ठेकेदार पक्ष स्वयंले गर्नुपर्नेछ ।

ग) ठेक्का अवधि सम्झौता मितिले ३ (तीन) महिनाको रहनेछ ।

घ) सवारी साधन पार्किङ ब्यवस्थापन गर्नुपर्ने क्षेत्रहरुः–

**१.क्षेत्र–१**(न्यूनतम मासिक कबोल अंक **रु.१०,०००।–**(दश हजार)
क्षेत्रहरु–यातायात ब्यवस्था कार्यालय अगाडी ।

**२.क्षेत्र–२** (न्यूनतम मासिक कबोल अंक **रु.१०,०००।–**(दश हजार)
क्षेत्र–२ अन्तर्गत तपसिल बमोजिमको सवारी पार्किङ क्षेत्रहरु हुनेछ ।

तपसिल

१.जिल्ला प्रशासन कार्यालय प्रवेश गर्ने मूल गेटको उत्तरतर्फ कर्मचारी मिलन केन्द्र भवनको पश्चिम तर्फ सडकको पूर्वी किनारको क्षेत्र–**कार/मोटरसाईकल/साइकल** मात्र ।

२.सार्वजनिक शौचालय/मासु मण्डी देखि पूर्व नापी कार्यालय प्रवेश गर्ने मूल गेटसम्म सडक खण्डको एकतर्फि क्षेत्र–**मोटरसाइकल/साइकल** मात्र ।

३.भेरी अस्पतालको उत्तर तर्फ कारागार जाने बाटोको दक्षिण देखि सार्वजनिक शौचालय(भेरी अस्पताल अगाडी) सम्म सडक खण्डको पश्चिमि किनारा क्षेत्र– **मोटरसाइकल/साइकल** मात्र ।

४.चारवाहिनिको मूल गेटदेखि दक्षिण तर्फ जिल्ला हुलाक कार्यालय,बाँके देखि उत्तर मूल सडकको पश्चिम किनारा क्षेत्र–**कार/जिप आदी चार पाँग्रे सावारी साधन मात्र।**

ङ) दुबै क्षेत्रहरुमा एउटै ब्यक्ति,फर्मले अथवा फरक फरक ब्यक्ति,फर्मले छुट्टाछुट्टै निवेदन पेश गर्न सकिनेछ ।

च) निवेदन साथ रु.१०,०००।–नगद धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित धरौटी खाता नं.ग-३-४१३००३०३००००००२ मा जम्मा गरि सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ । दुबै क्षेत्रको लागि फरक फरक धरौटी जम्मा गर्नुपर्नेछ ।

छ) शुल्क (प्रतिओटा) : **साइकल रु.५,मोटरसाईकल रु.१०, कार/जिप रु.२०, बस/ट्रक रु.४०।-**रहनेछ ।

ज) प्रत्येक महिनाको मासिक कबोल रकम अग्रिम रुपमा एकमुष्ठ बुझाउनु पर्नेछ ।

झ) अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन,२०६३,नेपालगन्ज उप–महानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६(पहिलो संशोधन समेत) र प्रचलित कानून बमोजिम हुनेछ ।

ञ) यस सम्वन्धि फाराम यस कार्यालयको राजश्व शाखाबाट रु.५००।-तिरी खरीद गर्न सकिनेछ । दुबै क्षेत्रको लागि फरक–फरक फारम लिनुपर्नेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)
नेपालगन्ज उपमहानगरपालिका